CIVIC ACTION TEAMS

Nepal Coronavirus CivActs Campaign

अंक #४५

०५।४।२०७७

Coronavirus CivActs Campaign (CCC) ले सरकार, सञ्चार माध्यम, संघसंस्था र आम नागरिक बिचको सूचनाको दुरी कम गर्न देशभरिबाट संकलन गरिएका हल्ला, नागरिकका जिज्ञासा तथा प्रश्नहरु संकलन गरी तथ्य पत्ता लगाएर आम नागरिकलाई सूचित गर्दछ । यसले आम नागरिकका आवश्यकताको पहिचान गर्नुकासाथै हल्लाहरुले कुनै नकारात्मक असर पुऱ्याउनुपुर्व सान्दर्भिक तथ्य आम नागरिक समक्ष प्रवाह गरी जोखिम न्युनिकरण गर्दछ ।

पेशा/व्यवसाय कर्जा भुक्तानी अवधिको म्याद थप

कोभिड - १९ को नियन्त्रण र रोकथामकन लागि चालिएका कदमको कारण प्रयटन, स्वास्थ्य, सञ्चार, मनोरञ्जन लगायत सबै पेशा, उद्योग र व्यवसायले लिएको ऋणको साँवा र ब्याज बन्दाबन्दीमा भुक्तानी गर्न कठिनाई भएको अवस्थालाई दृष्टिगत गरी कर्जा भुक्तानीको म्याद देहाय बमोजिम थप गरिएको छ:

कम मात्रामा प्रभावित पेशा/व्यवसाय

२०७७ असार मसान्त सम्मको साँवाको किस्ता र ब्याज २०७७ पुस मसान्तसम्म भक्तानी गर्न सकिने

मध्यम मात्रामा प्रभावित पेशा/व्यवसाय

२०७७ असार मसान्त सम्मको साँवाको किस्ता र ब्याज २०७७ चैत्र मसान्तसम्म भक्तानी गर्न सकिने

अति मात्रामा प्रभावित पेशा/व्यवसाय

२०७७ असार मसान्त सम्मको साँवाको किस्ता र ब्याज २०७८ असार मसान्तसम्म भक्तानी गर्न सकिने

२०७७ असार मसान्त सम्म असुल हुन नसकेका लघु वित्तीय संस्थाबाट प्रवाशित कर्जाको ऋणीको आवश्यकता र व्यवसाय सुचारु हुन लाग्ने समय मुल्यांकन गरी बढीमा ६ महिनासम्म भाखा सार्न सकिने छ ।

स्रोत: https://archive.nrb.org.np/ofg/monetary_policy/Monetary_Policy_(in_Nepali)-2077-78_(Full_Text)-new.pdf

नेपाल अपडेट



बाँकेको कोहलपुर पिपरीमा पिसिआर परिक्षणका लागि तयारी अवस्थामा रहेका स्वास्थ्यकर्मीहरु

तस्बिर: नरेश श्रेष्ठ

हल्ला र तथ्य

के नेपाल कोरोना मुक्त हुँदै छ र ? जनजीवन हेर्दा त्यस्तै लाग्छ ।

नेपालमा संक्रमणको दर विस्तारै घट्दै गाईरहेको अवश्य पनि हो, तर कोरोना मुक्त भएको भन्न मिल्दैन । हाल सम्म धनकुटा, पाँचथर, भोजपुर, रसुवा, मनाङ, मुस्ताङ, जुम्ला र हुम्ला गरी जम्मा ८ जिल्लामा संक्रमितको संख्या शुन्य भएको छ । दैनिक परीक्षणको आधारमा कुनै समय सबै भन्दा धेरै १६.५% संक्रमित पुष्टि भएकोमा अन्तिम पटक यो दर घटेर २.३% पुगेको छ । जनजीवन सामान्य जस्तै देखिए पनि स्वास्थ्य मन्त्रालयले जारी गरेको सुरक्षा मापदण्ड अपनाउनु जरुरी छ ।

स्रोत: https://drive.google.com/drive/folders/1OSUvO0GfeoHOobLoBeBT35baYepNH9yC

CCMC मा स्वास्थ्य विज्ञ नै भएनन्, त्यसैले यसले प्रभावकारी काम गर्न सकेन, स्वास्थ्य संवेदना बुझ्न सकेन भनिन्छ ।

यस सम्बन्धमा २०७६ चैत्र १६ गतेको मन्त्रिपरिषद्को निर्णय अनुसार स्थापना भएको प्रदेशस्तरीय COVID – 19 Crisis Management Center को संरचनामा प्रदेश स्वास्थ्य निर्देशनालयका प्रमुखलाई र जिल्लास्तरीय COVID – 19 Crisis Management Center को संरचनामा जिल्ला स्थित स्वास्थ्य कार्यालयका प्रमुख समेतलाई समोश गरी कार्य सञ्चालन गर्ने व्यवस्था मिलाउने भनेर २०७७ अषाढ २९ गते बसेको मन्त्रिपरिषद्को बैठकले निर्णय गरेको छ ।

स्रोत: https://mocit.gov.np/categorydetail/cabinet-meeting-decisions

अहिलेको अवस्थामा वैदेशिक रोजगारीको क्रममा मृत्यु भएका व्यक्तिको शव विमानस्थलबाट निजको घर सम्म पुऱ्याउने व्यवस्था छ कि छैन ? त्यसको लागि कहाँ सम्पर्क गर्ने ?

वैदेशिक रोजगारीको क्रममा कोरोना बाहेक अन्य कारणले मृत्युभएका नेपालीको शव नेपाल ल्याउने काम सुरु भएको छ । मृतकको शव घर सम्म पुऱ्याउन सम्बन्धित परिवारका सदस्यले वैदेशिक रोजगार बोर्डको सचिवालयबाट प्रदान गरिने नि:शुल्क शव ढुवानी सेवाका लागि ९८४१५०७८९८ (दिनबन्धु सुवेदी), ९८५५०३२२८८ (आशिष भण्डारी) र ९८५११८५१८६ (मैया कँडेल) लाई सम्पर्क गर्न वैदेशिक रोगार बोर्डको सचिवालयले अनुरोध गरेको छ ।

स्रोत: https://www.facebook.com/ed.fepb

वार्षिक १०० जना कामदार विदेश पठाउन नसक्ने म्यानपावर कम्पनी सरकारले नै बन्द गर्दैछ रे नि त ।

कोभिड - १९ का कारण ईजाजतपत्रवालाले कामदार विदेश पठाउने प्रकृया अवरुद्ध भएको कुरालाई मध्यनजर गरी सरकारले नयाँ निर्णय गरेको छ । जस अनुसार लगातार दुई वर्ष सम्म वार्षिक एक सय जना कामदार पठाउन नसकेका ईजाजतपत्रवाला संस्थाको ईजाजतपत्र २०७७/७८ का लागि नविकरण गरिदिने भनेको छ । तर त्यस्ता संस्थाले आ.व. २०७७/७८ लागि नविकरण गर्दा आ.व. २०७६/७७ देखी २०७८ साल असार मसान्त भित्र कुल दुई सय जना कामदार वैदेशिक रोजगारीमा पठाएको हुनुपर्ने छ ।

स्रोत: https://moless.gov.np/?p=3512#post/0

WhatsApp मार्फत हाम्रो बारेमा नियमित ताजा जानकारी पाउन

१. तपाईको कन्ट्याक्ट लिस्टमा +2760806146 एड गर्नुहोस्

२. माथिको कन्ट्याक्ट नम्बरमा Nepal लेखेर म्यासेज पठाउनुहोस्

COVID-19 को बारेमा बुझ्न नि:शुल्क हटलाईन

viamo द्वारा प्रस्तुत

कोभिड - १९ सम्बन्धी सितैमा जानकारी लिनको लागि तपाईको NTC सिमकार्डबाट ३२१०० मा डायल गर्नुहोस्

accountabilitylab NEPAL

Open Migration

मुख्य गन्तव्य राष्ट्रमा रहेका नेपाली कामदार

साउदी अरब
३,३४,४५१ नेपाली
२,५०,९२० संक्रमित
१७५० नेपाली संक्रमित
९ मृत्यु भएका नेपाली

कुवेत
७१,१२३ नेपाली
५९,७६३ संक्रमित
१५०० नेपाली संक्रमित
७ मृत्यु भएक नेपाली

बहराईन
२६,००० नेपाली
३६,४२२ संक्रमित
४५१ नेपाली संक्रमित
३ मृत्यु भएका नेपाली

कतार
४,०६,९१७ नेपाली
१,०६,६४८ संक्रमित
२०,६०० नेपाली संक्रमित
१६ मृत्यु भएका नेपाली

युएई
२,२४,९०५ नेपाली
५६,९२२ संक्रमित
२००० नेपाली संक्रमित
३० मृत्यु भएका नेपाली

ओमान
१७,०५७ नेपाली
६८,४०० संक्रमित
४५ नेपाली संक्रमित
१ मृत्यु भएका नेपाली

मलेसिया
५००,००० नेपाली
८,८०० संक्रमित
८१ नेपाली संक्रमित

दक्षिण कोरिया
३८,८६२ नेपाली
१३,७७१



- गन्तव्य राष्ट्रमा संक्रमित नेपाली
- गन्तव्य राष्ट्रमा नेपाली जनसंख्या
- गन्तव्य राष्ट्रमा संक्रमित जनसंख्या
- गन्तव्य राष्ट्रमा मृत्यु भएका नेपाली

स्रोत: https://coronavirus.jhu.edu/map.html
https://www.covid19.nrna.org.np/
https://publications.iom.int/system/files/pdf/mp_nepal_2019.pdf

ShramikSanjal

आफ्नै पैसामा फर्किन नसक्ने वैदेशिक रोजगारीमाभएका श्रमिकलाई सरकारले दिने हवाई टिकटको सुविधा लिन के गर्ने ?

हवाई टिकटको सुविधा पाउन चाहिने मापदण्ड

१. नेपालबाट श्रम स्विकृति लिएर गएको हुनु पर्ने र श्रमको अवधी बाँकी रहेको हुनु पर्ने ।

२. कम्पनी लगायत अन्य कतैबाट पनि सहयोग नपाएको या पाउन नकस्ने अवस्थाको हुनु पर्ने ।

रकम उपलब्ध गराउनु भन्दा पहिले व्यक्ती योग्य भए नभएको निर्क्यौल गरेर मात्र बैंक खातामा रकम ट्रान्सफर गरिन्छ ।

कस्ता व्यक्तिले, कती सुविधा पाउँछन् ?

१. करार अवधी १ वर्ष पनि नकटेकाको लागि १००%,

२. करार अवधी १ वर्ष कटेको, तर पुन:श्रम स्विकृती नलिएकोलाई ७५%,

३. पुन:श्रम स्विकृती लिएर विदेश गएकाको हकमा भने ५०% हवाई टिकेटको रकम सरकारले उपलब्ध गराउने छ ।

विदेशमा हुने र नेपाल फर्किसकेकाले पनि आवेदन दिन सक्नेछन् । विदेशमा कुटनीतिक नियोग (एम्बेसी) मा तोकिएको ढाँचामा निवेदन दिनु पर्ने हुन्छ भने, नेपालमा वैदेशिक रोजगार विभागमा निवेदन दिन सकिने छ ।

accountabilitylab NEPAL

$ फलो द मनी - खर्चको अर्थ

संघिय सरकार

जम्मा

तिन पटक गरेर नेपाल सरकार अर्थ मन्त्रालय मार्फत छुट्याईएको

करिब १ अर्व ४८ करोड

कोरोना भाईरस जोखिम नियन्त्रण, रोकथाम तथा नियन्त्रण कोषमा जम्मा

करिब २ अर्व २६ करोड

दाता

ए.डि.बि.
करिव ३० अर्व ३३ करोड

विश्व बैंक
करिव ३ करोड ४८ लाख

आई.एम.एफ.
करिव १५ अर्व ८८ करोड

युरोपियन युनियन
करिव ९ अर्व ९४ करोड

खर्च

कोरोना भाईरस विरुद्धका गतिविधिमा नेपाल सरकारले गरेको खर्च स्वास्थ्य मन्त्रालयलाई निकासा

करिब ४ अर्व १० करोड

रक्षा मन्त्रालय माफर्त कोरोना रोकथाम र नियन्त्रणका लागि चाहिने स्वास्थ्य उपकरण खरिदको लागि

२ अर्ब ३४ करोड निकासा

प्रदेश सरकार

प्रदेश	प्रदेश १	प्रदेश २	बागमती प्रदेश	गण्डकी प्रदेश	प्रदेश ५	कर्णाली प्रदेश	सुदुरपश्चिम प्रदेश
जम्मा रकम	करिब २९.४ करोड	करिब २६.६ करोड	करिब ४२.९ करोड	करिब १८.३ करोड	करिब १५.६ करोड	करिब २५.४ करोड	करिब ४२.५ करोड
खर्च गरिएको रकम	करिब १९.३ करोड	करिब १३.३ करोड	करिब १३.६ करोड	करिब १५.४ करोड	करिब ७.७९ करोड	करिब २३.९ करोड	करिब ३६.४ करोड

आ.व. २०७५/५६ को बेरुजुको अवस्था



जम्मा बेरुजु

१ खर्ब ३३ अर्ब

सरकारले प्रकृया मिचेर गरको खर्च वा सहि लेखांकन नभएको रकम नै बेरुजु रकम हो । यहाँ तिन प्रकारका बेरुजुको चर्चा गरिएको छ:

असुलउपर गर्नुपर्ने: नियम विपरीत खर्च गरिएको वा खर्च गर्नु पर्ने भन्दा बढी खर्च गरिएको र सम्बन्धित निकायले असुल उपर गर्नुपर्ने ।

नियमित गर्नुपर्ने : उचित लेखांकन नगरी गरिएको खर्च ।

पेशकी : अग्रिम भुक्तानीको रुपमा रकम दिईएको, तर सोहि आर्थिक वर्षमा हिसाव मिलान नभएको ।

आर्थिक वर्ष २०७५/७६ को बेरुजु सम्बन्धी यो जानकारी सार्वजनिक गरिएको छ ।

accountabilitylab NEPAL

$ फलो द मनी - खर्चको अर्थ

उच्च बेरुजु भएका पाँच मन्त्रालयको आर्थिक वर्ष २०७५/७६ को तुलनात्मक विश्लेषण



आर्थिक वर्ष २०७५/७६ मा बढी बेरुजु देखिएका पाँच वटा मन्त्रालयको तुलनात्मक अध्ययन गर्दा समस्या कहाँ छ भन्ने कुरा देख्न सकिन्छ । मनन् गनुपर्ने कुरा त, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय पनि बढी बेरुजु देखिएका पाँच वटा मन्त्रालय भित्र पर्दछ । यद्यपी त्यहाँ भित्र सार्वजनिक वित्त निर्माण गर्ने र अनियोजित खर्च घटाउने तर्फ कामगर्ने संस्था समेत पर्दछन् । अर्थ मन्त्रालय बाहेक अन्य मन्त्रालयको पेश्कीको अवस्था चिन्ताजनक छ । यसको मतलव, आर्थिक वर्षको अन्त्यमा धेरै खर्च हुने र सोही आ.व.मा हिसाव मिलान नभएको देखिन्छ । माथिको तालिकामा देखाए अनुसार, रक्षा मन्त्रालयको आफ्नो १००% बेरुजु पेश्कीमा गरेको छ । त्यसै गरेर प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय र भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको पेश्कीमा बेरुजु क्रमसः ८८% र ७९% छ । यसले ति मन्त्रालयहरुले आ.व. को अन्तिम दिनमा खर्च गरे र हिसाव मिलान गर्ने समय पाएनन् भन्ने देखाउँछ । जुन सार्वजनिक वित्त व्यवस्थाको विपरित हो । त्यसैले, सार्वजनिक निकायले समयमै खर्च गर्नुकासाथै लेखांकन पनि राख्नुपर्दछ ।

नोटः हाम्रो उद्देश्य सरकारले गरेको राम्रो काम र छुट्याएको बजेटको बारेमा सबैलाई जानकारी होस र सो पश्चात यस विषयमा नागरिक र अन्य सरोकारवालाको बिचमा छलफल भई सरकारलाई प्रयाप्त पृठपोषण प्राप्त होस् भन्ने हो । यहाँ प्रस्तुत विवरण पूर्ण हैन । उपलब्ध माध्यमबाट संग्रह गरी राखिएको हो । थप सही तथ्यांक संकलन गरी परिमार्जन गर्दै जानेछौं । यसमा सबैले सहयोग गरिदिनुहुन अनुरोध गर्दछौं ।

accountabilitylab NEPAL

कोभिड - १९ का कारण धरासयी विश्व अर्थतन्त्रमा प्रविधिको उदय

कोभिड - १९ का कारण विश्व अर्थतन्त्र धरासयी भएको छ । विश्व बैंकको प्रक्षेपण अनुसार, सन् २०२० मा विश्वको कुल गार्हस्थ उत्पादनमा ५.२ प्रतिशतले गिरावट आउनेछ । प्रयटन, हस्पिटालिटी, विश्व श्रमबजार उकासिन वर्षौं लाग्न सक्ने अनुमान गरिएको छ । तर, प्रविधियुक्त केही व्यवसायले भने यो समयमा जुर्मुराउने अवसर पाएकाछन् ।

ईकमर्स

समग्रमा कोभिड - १९ को विश्वव्यापीकरण पश्चात फस्टाएको क्षेत्र हो अनलाईन व्यापार। प्राय व्यक्तिहरु विलासिताका सामान अनलाईनबाट खरिद गर्ने गर्दथे । विश्वभरी लकडाउन भएपछि भने, मानिसहरुले दैनिक उपभोग्य सामाग्रीहरु जस्तै दाल चामल, नुन, तेल देखी औषधी र अन्य आवश्यकिय सामाग्री अनलाईनबाट अर्डर गरेर घरमै मगाए । थुप्रै अनलाईन व्यवसायीका स्टोरहरु खाली भए । अरु व्यवसाय संकुचित भएकोबेला, थुप्रै अनलाईन व्यवसाय यहिबेला विस्तार भए ।

भिडियो कन्फरेन्सिङ

विश्व प्रविधिमैत्री बन्दैछ, तर कोभिड - १९ पश्चात व्यवसाय र सेवाप्रदायक कार्यालयहरु एकाएक ठप्प जस्तै भए । कर्मचारीले घरबाटै काम गर्नु पर्ने बाध्यता जस्तै भयो । विस्तारै उनिहरु भिडियो कन्फरेन्समा अभ्यस्त हुँदै गए । माइक्रोसफ्टको मार्चको मध्य महिनाको रिपोर्ट अनुसार,"टिम टुल" प्रयोगकर्ता एक हप्तामै ३७% ले बढे । दैनिक प्रयोगकर्ता ४४ मिलियन पुगे । मार्च ३१ मा एकै दिनमा मात्र २.७ बिलियन"टिम टुल" मा मिटिङ भएको कृतिमान कायम भयो ।



मोबाईल एप्लिकेशन

यो अवधिमा मोबाईल एप्लिकेशन डाउनलोड गर्नेको संख्या पनि एकाएक बढ्यो । विशेष गरेर क्वारेन्टाईनमा बसेका व्यक्तिले घर भन्दा बाहिरको अवस्थिती र जानकारी लिन मोबाईल एप्लिकेशनको बढि प्रयोग गरे । गुगल एन्ड्रोईड, आईफोन एप, ह्वाट्सएप र फेसबुक म्यासेन्जरको प्रयोग ह्वात्तै बढ्यो । यहि समयमा युरोपमा Health and fitness app को डाउनलोड ४६% ले बढ्यो । अमेजनका प्रयोगकर्ताले वर्षको पहिलो क्वर्टरमा २० मिलियन अमेरिकी डलर खर्च गरे । जुन विश्वव्यापी रुपमा सबैभन्दा बढी डाउनलोड भएको एप्लिकेशन हो ।

फ्रन्टलाईनर्स भोईसेस्

डा. सन्दिप उखेडा

मेडिकल सुपेरिटेन्डेन्ट

जिल्ला अस्पताल बझाङ

"जेष्ठ महिनाको अन्तिम सातामा बाहिरबाट आउनेको संख्या एकै पटक बढ्यो । बझाङ जिल्लाका क्वारेन्टाईनमा ३००० भन्दा बढी व्यक्ति एकै पटक बस्नुपर्ने भयो । त्यहिबेला धनगढी र काठमाण्डौका प्रयोगशालामा नमुना भरिभराउ भए । असारको २/३ गते पठाएका नमुनाको नतिजा असार २८/२९ गते मात्र आईपुगे । नतिजा ढिलो आउँदा केही व्यक्तिलाई ५२ दिन सम्म पनि क्वारेन्टाईनमा राख्नुपर्‍यो । तर, स्थानीय तहको धैर्यता र सहयोगले हाम्रो कामलाई सहज बनायो । यसै बिच म संक्रमित छु कि भन्ने डरैडरले क्वारेन्टाईनमा बसेका दुईजनाले आत्महत्या गरे, तर उनिहरुको नतिजा नेगेटिभ आयो । यो घटनाले हामी स्वास्थ्यकर्मीलाई केही निरास बनायो । त्यसपछि हामीले उपचार संगै मनोपरामर्शलाई पनि उच्च प्राथमिकताकासाथ अगाडी बढायौं ।"

पवन कुमार मण्डल

स्वास्थ्य फोकल पर्सन

मटिहानी नगरपालिका, महोत्तरी

"हामी नै बढी सूचित छौं, अरुलाई सूचित गर्ने जिम्मेवारी पनि हम्रै हो र हामीलाई नै संक्रमणको बढी डर छ । हामी प्रत्यक्ष विरामीको सम्पर्कमा सम्पर्कमा रहनु पर्दछ । प्रत्येक व्यक्तिसंग सशंकित हुनुपर्ने अवस्था छ । यती हुँदा हुदै पनि हामी मानसिक रुपमा उपचारमा खटिनुपर्छ भनेर तयार छौं । सरकारले प्रोत्साहन भत्ता दिने हल्ला सुन्यौं । मातहतका स्वास्थकर्मी साथीहरुले मलाई सोधिरहेकाछन्, सरकारले दिने भनेको प्रोत्साहन भत्ता आउँछ कि आउँदैन ? उहाँहरुले सोध्ने व्यक्ति पनि म नै हो । के जवाफ दिने मलाईनै थाहा छैन । सरकारले निर्णय गरिसकेपछि कार्यान्वयन गर्दा स्वास्थ्यकर्मीको मनोवल बढ्नेथियो ।"

नरेश कुमार श्रेष्ठ

कोरोना फोकल पर्सन

बाँके

"बैशाखको १९ गते जिल्लामा पहिलो संक्रमण देखियो । त्यसपछि नेपालगञ्ज कोरोनाको केन्द्र नै बन्यो र त्यसको देशै भरी चर्चा भयो । एक जनाको मृत्यु भएपश्चात सुरक्षाकर्मी र स्वास्थ्यकर्मी जानै नमानने अवस्था थियो । म आफै पनि खटिएर अवस्था सामान्य भयो । तर, पहिले संगै खाने बस्ने साथी भाई टाढाटाढा हुँदा भने भेदभाव भएको महसुस हुन्थ्यो ।"

सही सूचना

दैनिक पिसिआर परीक्षणको संख्या घट्दै ।
के हामी लकडाउन खुकुलो बनाउन तयार छौं ?

जुलाई महिनामा भएको पिसिआर परीक्षण



यो सत्य हो की, सरकारको पिसिआर परीक्षणको क्षमता कती छ भन्ने कुराले संक्रमणको जोखिम आँकलन गर्दछ । तर, माथीको ग्राफले, नेपालमा पिसिआर परीक्षणको दायरा बढाउन सकेको छैन भन्ने देखाउँछ । मन्त्रालयले भनेबमोजिमको दैनिक परिक्षणको दर पनि गर्न सकिएको छैन । उसले जुलाई महिना भरी १५ हजार परीक्षण गर्ने भनेको थियो । लकडाउन खुकुलो भईसकेको अवस्थामा, तत्काल धेरै संख्यामा परिक्षण गर्न जरुरी छ । यसले समुदाय स्तरमा संक्रमण फैलिनबाट रोक्न सकिन्छ । यदि परिक्षणको दायरा बढाउन सकिएन भने, लकडाउन खुकुलो भएको अवस्थामा संक्रमण बढ्ने सम्भावना रहन्छ । यसरी, संक्रमण सरकारको नियन्त्रण बाहिर जान सक्छ ।

स्रोत: HEOC, MoHP, SitRep

DISCLAIMER

यो अंकमा समेटिएका हल्ला, सवाल तथा सूचनाहरु, बिभिन्न संस्था तथा व्यक्ति, नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र विश्व स्वास्थ्य संगठनको वेब पेज, सामाजिक सञ्जाल, ७ वटै प्रदेशमा रहेका कम्युनिटी फ्रन्टलाईनर्स र सिभिक एक्सन टिमले यहि जुलाई महिना भित्र २००० भन्दा बढि व्यक्तिसंगको संवादबाट संकलन गरिएका हुन् । विषयको महत्व, सान्दर्भिकता र तीव्रतालाई ध्यान दिएर हल्ला, सवाल तथा जिज्ञासाहरु छनोट गरीएका छन् । यो अंकमा समेटिएका जानकारी बुलेटिन प्रकाशित भएको मिति सम्म सत्य छन् ।

Coronavirus CivActs Campaign is brought to you by **Accountability Lab Nepal**.

accountabilitylab communities

@CivicActionTeams @civacts @CivActs

CivActs | Email: civactsnp@accountabilitylab.org | Phone: 9851203219